आकाशवाणी समाचार- नेपाली
मितिः ०४ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- पश्चिम बंगालको मालदामा २०१७ मा आएको बाढीपछि राहत कोषको वितरणमा भएको ठूलो वित्तीय अनियमितताबारे नियन्त्रक तथा महालेखा परीक्षक (CAG) ले कलकत्ता उच्च न्यायालयमा पेश गरेको रिपोर्टले राजनीतिक विवाद निम्त्याएको छ।

- निर्वाचन आयोगले पश्चिम बंगालको अन्तिम मतदाता सूचीमा तीन आदिम जनजातिको नाम समावेश गर्ने निर्णय गरेको छ।

- साहित्यकार रामलाल अधिकारी, कवि अगमसिंह गिरी तथा वरिष्ठ नाटककार लक्ष्मण श्रीमलको संयुक्त जन्मजयन्ती समारोह सम्पन्न|

- मङपू मोडेल लेबर वेलफेयर सेन्टरको आयोजनामा तथा वेस्ट बंगाल लेबर वेलफेयर बोर्ड (नर्थ–इस्ट रिजन) को प्रायोजनमा मङपूमा वार्षिक खेलकूद समारोह भव्य रूपमा सम्पन्न।

- मौसम विभागले उत्तर बंगालका विभिन्न जिल्लाहरूमा बाक्लो कुहिरो लाग्ने चेतावनी जारी गरिएको छ।

**आसनसोल पिउने पानी आपूर्ति**

आसनसोलको जामुड़िया थाना क्षेत्र अन्तर्गत तपसी गाउँमा विगत सात महिनादेखि पिउने पानीको आपूर्तिलाई लिएर संकट व्याप्त भएको छ। पर्याप्त पिउने पानी आपूर्ति नभएको कारण रूष्ट स्थानीय महिलाहरूले एनएच- 60 लाई जाम गरी जोरदार विरोध प्रदर्शन गरे। यस अवधि लगभग 20 मिनटसम्म राष्ट्रिय राजमार्गमा यातायात पूर्ण रूपले बाधित रह्यो।
प्रदर्शनकारी महिलाहरूले बताए, उनीहरूको स्थानमा विगत सात महिनादेखिको पिउने पानीको संकट उत्पन्न भएको छ। यसलाई लिएर बारम्बार प्रशासनसित सिकायत गर्दा पनि अहिलेसम्म कुनै ठोस कारबाही गरिएको छैन न त कुनै स्थायी समाधान नै खोजेको छ। महिलाहरूले चेताउनी दिए, यदि सात दिनभित्रमा तापसी क्षेत्रमा उचित पिउने पानीको व्यवस्था गरिएन भने उनिहरु आगामी दिनमा ठूलो आन्दोलन गर्न बाध्य हुनेछौं।

**निर्वाचन आयोगले पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालका सम्बन्धित जिल्ला निर्वाचन अधिकारीहरूलाई मतदाता सूचीमा नक्कली वा अनुपस्थित मतदाताहरूको नाम अवैध रूपमा समावेश गरेको आरोपमा पाँच निलम्बित राज्य अधिकारीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको छ। राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोतका अनुसार, बरुई-पुर पूर्व विधानसभा क्षेत्रका मतदाता पंजीकरण अधिकारी देबोट्टम दत्त चौधरी, सहायक मतदाता दर्ता अधिकारी तथागत मण्डल, मोयना विधानसभा क्षेत्रका मतदाता पंजीकरण अधिकारी विप्लव सरकार, सहायक मतदाता दर्ता अधिकारी सुदिप्त दास र डाटा एन्ट्री अपरेटर सुरजित हल्दर विरुद्ध आपराधिक मामिला दर्ता गर्ने निर्देशन दिइएको छ।
मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) को गणना चरणको क्रममा मतदाता सूचीमा नक्कली नाम थपेको आरोप यी अधिकारीहरूमाथि लागेको थियो। निर्वाचन आयोगले पहिले नै उनीहरूलाई निलम्बन गर्न आदेश दिएको थियो र राज्यका मुख्य सचिवलाई उनीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको थियो। यद्यपि, निलम्बन पछि पनि, राज्य सरकारले कुनै पनि एफआईआर दर्ता गरेको थिएन। निर्वाचन आयोगले अब स्वतः संज्ञान लिएको छ र जिल्ला मजिस्ट्रेटहरूलाई अधिकारीहरू विरुद्ध एफआईआर दर्ता गर्न निर्देशन दिएको छ।

**खरसाङ बीजेपी कार्यक्रम रध्द**

खरसाङमा भारतीय जनता पार्टीको जनसभा अनि बलिवुड अभिनेता तथा भारतीय जनता पार्टीको शीर्ष नेता मिथुन चक्रवर्तीको कार्यक्रम रध्द गरिएको छ। यस विषयमा हिज खरसाङमा पत्रकार सम्मेलन गरेर भारतीय जनता पार्टीको तर्फबाट उक्त जानकारी गराइएको छ। यस विषयमा पत्रकारहरुसित कुराकानी गर्नुहुदै भारतीय जनता पार्टीको दार्जीलिङ जिल्ला महासचिव सोनाम लामाले, खरसाङको जनसभा हालका लागि रद्द गरिएको जनाउनुहुदै यसको कारण, रोजगार (श्रम) मन्त्री मनसुख मांडवियाजीको सिलिगुडी आगमन तथा नयाँ श्रम संहिता (Labour Code Bill) ,जुन जनवरीदेखि लागू भएको छ, सोहि विषयमा दार्जिलिङ BJP नेतृत्वसँग हुन लागेको महत्वपूर्ण बैठक हो भनि बताउनुभएको छ। उहाँले चाडै खरसाङमा ठूलो जनसभा आयोजना गर्ने योजना बनाएको, जानकारी गराउनुभयो। उक्त पत्रकार सम्मेलनमा भारतीय जनता पार्टीको दार्जिलिङ जिल्ला सचिव बिनय प्रसाद र जिल्ला मिडिया प्रभारी चन्दन प्रसाद पनि उपस्थित थिए।

**निर्वाचन आयोग-पश्चिम बंगाल मतदाता**

निर्वाचन आयोगले पश्चिम बंगालको अन्तिम मतदाता सूचीमा तीन आदिम जनजातिको नाम समावेश गर्ने निर्णय गरेको छ। यी तीन समुदायका मतदाताहरूलाई कुनै पनि कागजात उपलब्ध गराउन आवश्यक पर्ने छैन।
पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी स्रोतका अनुसार, यी जनजातिहरू बिरहोर, टोटो र साबर हुन्। आयोगको निर्देशन पालना गर्दै, जिल्ला मजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीहरूले खंड विकास अधिकारीहरूलाई आ-आफ्नो क्षेत्रका यी तीन जनजातिका मतदाताहरूको विवरण उपलब्ध गराउन आदेश दिएको छ।

**मौसम**

पश्चिम बंगालको मौसम निरन्तर परिवर्तन भइरहेको छ। कोलकाता सहित दक्षिण बंगालमा तापक्रम अझ बडी रहेको छ। मौसम विभागले आगामी २४ घण्टामा दक्षिण बंगालका विभिन्न जिल्लाहरूमा तापक्रम दुई देखि तीन डिग्रीले बढ्न सक्ने अनुमान गरेको छ।
यसैबीच, उत्तर बंगालका सबै जिल्लाहरूमा बाक्लो कुहिरो लाग्ने चेतावनी जारी गरिएको छ। कुहिरोका कारण दार्जिलिङ, जलपाइगुडी, कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र मालदामा दृश्यता १९९ मिटरबाट ५० मिटरसम्म घट्न सक्छ। दार्जिलिङमा हल्का वर्षा हुने अनुमान गरिएको छ। यसका साथै जलपाईगुडी, कालिम्पोङ र अलिपुरद्वारका विभिन्न स्थानहरूमा पनि हल्का वर्षा हुने सम्भावना छ|

**रामलाल अधिकारी सेवा समिति**

साहित्यकार रामलाल अधिकारी, कवि अगमसिंह गिरी तथा वरिष्ठ नाटककार लक्ष्मण श्रीमलको संयुक्त जन्मजयन्ती समारोह सम्पन्न भएको छ। चम्पासरी, कालकुट,सिलगढस्थित साहित्यकार रामलाल अधिकारी सेवा समितिको आयोजनामा नेपाली साहित्यका तीन विशिष्ट साहित्यकार रामलाल अधिकारी, जातीय कवि अगमसिंह गिरी तथा वरिष्ठ नाटककार लक्ष्मण श्रीमलको संयुक्त जन्मजयन्ती समारोह साहित्यिक गरिमाका साथ सम्पन्न गरियो। नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण, संवर्द्धन तथा पुस्तान्तरणमा समर्पित यस समारोहले साहित्यिक चेतना, ऐतिहासिक स्मृति र सर्जकप्रतिको सम्मानभावलाई एउटै मञ्चमा एकीकृत गरेको थियो। कार्यक्रमलाई तीन चरणमा विभाजन गरी सम्पन्न गरियो।कार्यक्रमको प्रथम चरणमा औपचारिक उद्घाटन सत्र सम्पन्न भयो। यस सत्रमा—प्रमुख अतिथि भूपाल सिंगौरे विशिष्ट अतिथि दीनानाथ शर्मा (देवकोटा)साथै खगेन्द्र साङ्पाङ राई (सचिव), डी. आर. गुरुङ, एम. के. रिजाललगायत विभिन्न सामाजिक तथा साहित्यिक संघ–संस्थाका प्रतिनिधि तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो। प्रमुख अतिथि, विशिष्ट अतिथि तथा अन्य अतिथिहरूद्वारा संयुक्त रूपमा दीप प्रज्वलन गरी कार्यक्रमको विधिवत् उद्घाटन गरियो। कार्यक्रमको दोस्रो चरण वरिष्ठ नाटककार लक्ष्मण श्रीमलप्रति समर्पित रह्यो। यस चरणमा—लक्ष्मण श्रीमलको परिचय तथा जीवनी भूपाल सिंगौरेद्वारा वाचन गरियो। कार्यक्रमको तेस्रो चरण जातीय कवि अगमसिंह गिरीको स्मृतिमा समर्पित रह्यो। यस चरणमा कवि अगमसिंह गिरीको परिचय तथा जीवनी संजीव श्रीमलद्वारा वाचन गरियो।

**सिलगढी दुर्घटना**

सिलगढी महकुमा अन्तर्गत खोरीबाडी राज्य सडकमा भएको भीषण सडक दुर्घटनामा दुई जना युवकको मृत्यु भएको छ भने एक जना गम्भीर रूपमा घाइते भएका छन्। दुर्घटना त्यसबेला भएको हो जब एक मोटरसाइकल अनियन्त्रित भई सडकछेउमा रहेको बिजुलीको खम्बासँग ठोक्कियो। मृतकहरूको पहिचान विश्वजीत बर्मन र रणदीप रायका रूपमा भएको छ। गम्भीर घाइते युवकको नाम सूर्य सिंह बताइएको छ। तीनै जना खोरीबाडीको पानीट्याङ्की क्षेत्रका बासिन्दा हुन्।
घटनापछि स्थानीय बासिन्दाहरूले घाइतेहरूलाई नक्सलबाडी अस्पताल पुऱ्याएका थिए, जहाँ चिकित्सकहरूले विश्वजीत बर्मन र रणदीप रायलाई मृत घोषणा गरे। गम्भीर रूपमा घाइते सूर्य सिंहलाई प्राथमिक उपचारपछि उत्तर बंगाल मेडिकल कलेज तथा अस्पतालमा रेफर गरिएको छ।

## "गज उत्सव" सिलगढ़ी

हात्ती र मानव बीचको सह-अस्तित्वलाई सुदृढ पार्ने उद्देश्यले भारतीय वन्यजन्तु ट्रस्ट (डब्ल्यूटीआई) ले हिज सिलगढ़ीमा "गज उत्सव" शुरु गर्यो-। यसअघि, यो जागरूकता र संरक्षण अभियान तमिलनाडु, केरला, मेघालय, ओडिशा र उत्तराखण्ड जस्ता राज्यहरूमा सफलतापूर्वक आयोजना गरिएको छ।

## कोलकाता उच्च न्यायालय-सीएजी रिपोर्ट

पश्चिम बंगालको मालदामा २०१७ मा आएको बाढीपछि राहत कोषको वितरणमा भएको ठूलो वित्तीय अनियमितताबारे नियन्त्रक तथा महालेखा परीक्षक (CAG) ले कलकत्ता उच्च न्यायालयमा पेश गरेको रिपोर्टले राजनीतिक विवाद निम्त्याएको छ। जनहित याचिकाको जवाफमा, यस रिपोर्टमा क्षतिग्रस्त घरहरूको पुनर्निर्माणका लागि छुट्याइएको ३७ करोड रुपियाँभन्दा बढीको दुरुपयोग भएको दाबी गरिएको छ। यसमा लगभग ५० करोड रुपियाँ अनियमितता भएको अनुमान गरिएको छ। विपक्षीले तीव्र प्रतिक्रिया जनाएको छ। भारतीय जनता पार्टीका अमित मालवीयले राहत कोषको व्यवस्थित लुटपाटको आरोप लगाउनुभएको छ।

( byte)

भाजपा नेता प्रियंका टिबरेवालले उक्त रिपोर्टलाई राज्य सरकारको लागि "लज्जास्पद" भनि बताउनुभएको छ।

## भाजयुमो दार्जीलिङ जिल्लाको महत्त्वपूर्ण बैठक

हिज भारतीय जनता युवा मोर्चा (BJYM) को टटिमद्वारा एक महत्वपूर्ण बैठक सम्पन्न गरियो। उक्त बैठकमा वर्तमान राजनीतिक अवस्था, संगठनको समग्र गतिविधि तथा आउँदै गरेको निर्वाचनसम्बन्धी विषयहरूमा विस्तृत र गहन छलफल गरियो।उक्त सभामा संगठनलाई अझ सुदृढ बनाउने, युवाहरूलाई अनुशासित, सक्रिय र जिम्मेवार रूपमा राजनीतिक प्रक्रियामा सहभागी गराउने तथा आगामी दिनहरूका लागि प्रभावकारी रणनीति तय गर्ने विषयमा गहन विचार–विमर्श गरियो।

## मङपू खेलकूद समारोह

मङपू मोडेल लेबर वेलफेयर सेन्टरको आयोजनामा तथा वेस्ट बंगाल लेबर वेलफेयर बोर्ड (नर्थ–इस्ट रिजन) को प्रायोजनमा हिज मङपू जन मैदानमा विभिन्न विद्यालयका छात्र–छात्राहरूको सहभागितामा वार्षिक खेलकूद समारोहमा भव्य रूपमा सम्पन्न भएको छ।उक्त खेलकूद समारोहमा मङपू क्षेत्रका विभिन्न प्राथमिक तथा उच्च विद्यालयहरूबाट सयभन्दा बढी विद्यार्थीहरूले अत्यन्त उत्साह, अनुशासन र खेलभावनाका साथ सहभागिता जनाएका थिए। विभिन्न खेल प्रतिस्पर्धाहरूमा विद्यार्थीहरूले आफ्नो प्रतिभा, लगनशीलता र आत्मविश्वास प्रदर्शन गर्दै कार्यक्रमलाई जीवन्त बनाएका थिए। खेलकूद समारोहमा सहभागी विद्यालयहरूका शिक्षक–शिक्षिकाहरू, अभिभावकहरू तथा क्षेत्रका गण्यमान्य व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो, जसले विद्यार्थीहरूको हौसला अझ बढाएको देखिन्थ्यो।

****** ○ ******